

The Fifth
Universal Kingdom!
STUDY # 8
THE GREAT TRUTHS OF
THE BIBLE
"Thy word is truth" ...John 17:17


THE GREAT TRUTHS OF THE BIBLE
STUDY : # 8
THE FIFTH UNIVERSAL KINGDOM
THE KINGDOM OF GOD

# बाइबलका गहिरा सत्यताहरु
# पाठ – ८
# पाँचौं बिश्वब्यापी राज्य

***पुनश्च: कृपया यहाँ समावेश गरिएका सबै पदहरुको निम्ती आफ्नो बाइबललाई आधार बनाइ अध्ययन गर्नुहोला ।यस पाठमा उल्लेखित प्राय बाइबलका पदहरु Authorized King James Version बाट उद्दृत गरिएका छन्।***

आज हामी परमेश्वरको राज्यको बिषयमा अध्ययन गर्नेछौ।यो राज्य के हो त?यो राज्य कहिले आउँछ त?अनि, यो राज्य कसरी स्थापना हुन्छ त?



हामीले यि सबै प्रश्नहरुको उत्तरहरुलाई हेर्नेछौ र मुख्यत: बाइबलको महत्वपुर्ण बिषयलाई अझ बिशेष गरी नयाँ कराररलाई हेर्नेछौ ।हामिले देख्छौ कि बप्तिस्मा दिन युहुन्नाको शब्दहरु नै यो राज्यको बिषयमा पहिलो वाक्य थियो जसै हामी मत्ती ३: १-२ मा पढ्न पाउछौ ।

*"ति दिनहरुमा बप्तिस्मा दिने युहुन्ना यहूदियाको उजाड स्थानमा प्रचार गर्दै र यसो भन्दै आए: २ "पश्चताप गर; किनभने स्वर्गको राज्य नजिकै आएको छ!"*



अनि, मत्ती ४:१७ मा पनि येशुले परमेश्वरको राज्यको बिषयमा केहि शब्दहरु बोल्नुभएको छ।

*"त्यस समयदेखी येशूले प्रचार गर्न र भन्न थाल्नुभयो,"पश्चताप गर:किनभने परमेश्वरको राज्य नजिकै आएको छ।"*

येशुले बोल्नुभएको ३९ वटा दृष्टान्तहरु प्राय सबै यसै राज्यको बिषयमा छन्। बास्तबमा, ७ वटा दृष्टान्तहरु मत्ती १३ अध्यायमा नै छन्,जुन दृष्टान्तहरुलाई 'राज्यको दृष्तान्तहरु' भनिन्छ ।

येशुले आफ्ना चेलाहरुलाई सिकाउनुभएको प्रार्थनामा पनि यस राज्यको बर्णन गरिएको छ जसै हामी मत्ती ६:१० मा पढ्न पाउँछौ।

*"तपाईंको राज्य आवोस् !तपाईंको इच्छा स्वर्गमा झैं यस पृथ्वीमा पूरा होस्।"*

येशुले प्रचार गर्नुभएको सुसमाचारलाई पनि राज्यको सुसमाचार भनिन्छ जसै हामी मत्ती ९:३५ मा पढ्न पाउँछौ।

*"अनि येशु सबै शहर र गाउँहरुतिर तिनिहरुका सभाघरहरुमा शिक्षा दिदै,राज्यको सुसमाचार प्रचार गर्दै र मानिसहरुमा भएको हरेक रोग र हरेक शारिरिक दुर्बलता निको पार्दै घुम्नुभयो।"*

येशुले आफ्ना चेलाहरुको प्रथम सेवा कार्यमा पनि मत्ती १०:७ मा उल्लेख भए अनुसार भन्न लगाउनुभयो।

*"अनि जाँदै गर्दा यसो भन्दै प्रचार गर:'स्वर्गको राज्य नजिकै आएको छ। "*

त्यसैले हामी देख्छौ कि,यो राज्यको बिषय बाइबलमा येशु र उहाँको चेलाहरुको लागी महत्वपूर्ण थियो।



तर, आजका दिनहरुमा किन यो राज्यको बिषयमा मण्डलीहरु र ख्रीष्टियानहरु माझ त्यति कुराकानी,छलफल र शिक्षा हुँदैन त?किनकी लुका १७:२०,२१ मा यसरी लेखिएको छ।

*"अनि परमेश्वरको राज्य कहिले आउँछ भनी फरिसीहरुद्वारा उहाँलाई प्रश्न गरिँदा उहाँले तिनिहरुलाई जवाफ दिएर भन्नुभयो:परमेश्वरको राज्य देखिने गरी आउँदैन; न ता तिनिहरुले 'यहाँ हेर!वा त्यहाँ हेर!भन्नेछन:किनकी हेर,परमेश्वरको राज्य तिमीहरुभित्रै छ।"*

हो,देख्नुभयो ? कारण यहाँ छ।यसको साधारण धारणाचाँही परमेश्वरको राज्यचाँही मानिसहरुको हृदयभित्र नै हुन्छ नाकी साच्चीकै यस पृथ्वीमा त्यस्तो राज्य हुने हो।तसर्थ,अधिक प्रचारको कामको चेष्टाचाँही संसारका मानिसहरुलाई ख्रीष्टियान धर्ममा परिवर्तन गरी परमेश्वरको राज्य तिनिहरुको हृदयभित्र स्थापना गर्ने तर्फ लक्षित हुन्छ।के यो वचन अनुसार सत्य छ त?लुका १७:२० लाई ध्यानसँग अध्ययन गर्ने हो भने येशुले फरिसीहरुसँग बोल्नुभएको र उनीहरुलाई दिनुभएको उत्तरले नै प्रकाश पार्दछ,जोहरुलाई येशुले मत्ती २३:२७ मा उल्लेख भए अनुसार ढोङ्गीहरु र चुन लाईराखेका चिहानहरु भनेर सार्बजनिक रूपमा नै सकेंतको स्वरूप भन्नुहुन्थ्यो।



त्यसो हो भने के येशुले फरिसीहरुलाई तिनीहरुकै हृदयभित्र परमेश्वरको राज्य हुन्छ भनि भन्न खोज्नुभएको हो त?पक्कै पनि होईन।त्यसो हो भने,उहाँले के भन्न खोज्नुभएको हो त?यसको उत्तर NIV संस्करणको बाइबलको फुटनोटमा पाइन्छ जहाँ यस पदमा "तिमीहरु कै माझमा" भन्ने शब्द चलाईएको छ।

-> जेको अर्थ येशुले वास्तबमा परमेश्वरको राज्य देखिने गरी बाजा बजाएर आउँदैन तर छिपेर केही समयको लागी नदेखिने गरी कसैले थाहा नपाउने गरी आई केहि समय पश्चात मात्र परमेश्वरको राज्य आइसकेको र तिनीहरुकै माझमा रहीआएको रहेछ भन्ने किसिमले आउँदछ भन्न खोज्नुभएको हो।" *...परमेश्वरको राज्य तिमी भित्रै छ।"* तसर्थ,हामी देख्छौ कि परमेश्वरको राज्य साँच्चै यसै पृथ्वीमा पृथ्वीभरी नै राज गर्ने गरी आउँदछ।यथार्थमा,परमेश्वरको राज्य यस पृथ्वीमा धेरै लामो समय अगाडी देखी नै रही आएको छ।कहिले?के तपाईंले भन्न सक्नुहुन्छ?



हो,अदनको बगैँचादेखि नै थियो।परमेश्वरले आदमलाई राजा बनाउनुभयो र चुन्नुभयो अनि पृथ्वीको राजा हुने हक दिनुभयो।यसलाई हामी प्रष्टै उत्पत्ती १:२६ मा पढ्न सक्छौ।

*"अनि परमेश्वरले भन्नुभयो:"हामी मानिसलाई हाम्रै स्वरुपमा,हाम्रै समानतामा बनाऔं,र तिनीहरुले समुन्द्रका माछाहरुमाथि,आकाशका पंक्षिहरुमाथि,र घरेलु पशुमाथि,सबै सारा पृथ्वीमाथि र पृथ्वीमा घस्रिहिँड्ने हरेक जन्तुमाथि अधिकार राखून्!"*

हो, त्यही अधिकार र राजमुकुटलाई भजनसंग्रह ८:५ मा यसरी भन्न खोजिएको छ।

*"किनकि तपाईले उसलाई स्वर्गदुतहरु भन्दा केही कम बनाउनुभयो। र उसलाई महिमा र आदरको मुकुट पहिऱ्याउनु भयो।"*



तर, हामी देख्छौ कि,केही समयपश्चात नै राजा आदमले आफ्नो त्यो अधिकार,राजमुकुट र राज्य गुमायो।हो,हब्बाले आदमलाई छलिन र आदमले हब्बालाई नै पछ्याऊने निधो गरे।अनि त्यही समयपश्चात नै आदम र उसका सन्तान-दरसन्तानहरु शैतान अनि उसको दुतहरुको कमारो भई मानिस जाती माथी हुकुम चलाउदै आएको छ।हो,शैतानले त्यो शक्ति खोसी मानिसहरु माथी आफ्नै राज्य स्थापना गरी हुकुम चलाउन शुरु गऱ्यो।यसको अलावा,मानिसहरुले पनि अरु मानिसहरु माथी अधिकार जमाई राज्यहरु स्थापना गरी एक अर्कालाई कमारो बनाउन थाले।यस्तो परमेश्वरको मानिसहरुप्रति इच्छा कदापी थिएन तर उहाँले यस्तो अवस्थाहरुलाई केही समयको लागी अनुमती दिनुभयो ताकी यसबाट पाठ सिक्न सकियोस्।



समयको दौरानमा परमेश्वरले आफ्नो प्रतिनिधी जनहरु जो इस्राएली थिए,तिनीहरुमाझ आफ्नो विशिष्ट (प्रतिनिधित) राज्य स्थापना गर्नुभयो।इस्राएलका राजाहरु परमेश्वरको सिंहासन अघि बसेको भनि १ इतिहास २९:२३ मा उल्लेख गरिएको छ।

*"तब सुलेमान आफ्ना पिता दाउदको सट्टामा राजा भए,परमप्रभुको सिंहासनमाथि बसे र उन्नति गरे; अनि सारा इस्राएलले तिनको कुरा माने।"*

यो क्रम इस्राएलका अन्तिम राजा हिजकियाहको बेलासम्म निरन्तर रह्यो।यहुदाका राजा हिजकियाह जो अति दुष्ट थिए कि जसको बारेमा इजकिएल अगमवक्ताद्वारा परमेश्वरले अधिकार गर्ने शक्ति अन्यजातीहरुलाई दिनुभयो जेलाई बाइबलले लुका २१:२४ मा अन्यजातीहरुको समय पनि उल्लेख गरिएको छ।हामीले यो अन्यजातीहरुको समयको अवधिको बिषयमा आउँदो पाठहरुमा वृस्तित रूपले अध्ययन गर्नेछौ।तर, इजकिएल २१:२५-२७ को शब्दहरुलाई फेरी एकचोटी ध्यान दिएर पढ्नुहोस त।

*“२५ अनि तँ,हे इज्राएलको भक्तिहिन दुष्ट शासक,तेरो दिन आएको छ,जुन समयमा तेरो अधर्मको अन्त्य हुनेछ।२६ प्रभु यहोवा यसो भन्नुहुन्छ,पगरी फूकाल् र मुकुट उतारिदे! यो एकनाश रहनेछैन; होचोलाई उच्च पार् र अग्लोलाई होच्या!२७"बिनाश,बिनाश्!म यसलाई बिनाश तुल्याउनेछु;अँ,जससँग यसको अधिकार छ,उनी नआउन्जेल यो रहनेछैन;अनि म यो उनलाई दिनेछु।”*

यहाँ,उपयुक्त शब्दले येशु ख्रीष्टलाई सन्केत गर्दछ।अनि,उहाँ नै परमेश्वरको राज्यको राजा हुन आउनुहुनेछ,उहाँको पहिलो आगमनचाँही होईन तर उहाँको दोश्रो आगमनमा यहुदीहरुले यो कुरालाई बुझ्न सकेनन् किनकि तिनीहरुले यशैया ९:६ का शब्दहरुलाई गलत प्रकारले बुझी त्यो राज्य र महिमालाई नै हेरे,जबकी त्यो राज्यको प्रतिज्ञा मसिहको दोश्रो आगमनमा मात्र पुरा हुनेछ भन्ने कुराको तिनीहरुलाई थोरै मात्र जानकारी थियो।त्यसैबेला देखी नै ख्रीष्टियानहरुले पनि परमेश्वरको राज्यको प्रकाशलाई पुरै भुल्न थाले जबकी तिनीहरुले प्रभुले सिकाउनु भएको प्रार्थना चाँही निरन्तर गरी नै रहन्छन् तर त्यसको खास अर्थ के हो भनि घोत्लिदैनन।(मत्ती ६:१०)

*"तपाईंको राज्य आवोस्!तपाईंको इच्छा स्वर्गमा झैं यस पृथ्वीमा पूरा होस्।"*



-> हो,यहुदीहरुले भौगोलिक राज्य खोजे भने ख्रीष्टियानहरुले चाँही स्वर्गिय पक्षमात्र हेरिरहेका छन। तर,सत्यचाँही दुईवटै हुने हो।परमेश्वरको राज्य दुबै पक्षको समिश्रण हो।के तपाईं परमेश्वरको पवित्र इच्छा यस पाप र मृत्युले भरिएको पृथ्वीमा पुरा हुन्छ होला त?हो,हुन्छ नै।हामी पढ्छौ कि परमेश्वरको राज्य यस पृथ्वीमा आइसकेपछी त्यो सबै सम्भव हुनेछ।परमेश्वरले त्यो कसरी र कहिले उहाँको राज्य आउनेछ भन्ने कुराको प्रकाश समेत दिनुभएको छ।यसलाई हामी दानियलको पुस्तकको २ र ७ औ अध्यायमा परमेश्वरले दुईवटा सपनाहरुद्वारा त्यस सन्दर्भको प्रकाश दिनुभएको छ।

-> एउटा चाँही राजालाई-बेबिलोनका राजा नेबुकदनेसरलाई
->दोश्रो चाँही परमेश्वरको अगमवक्ता दानियल आफैलाई।आउनुहोस्,अब हामी ति दुई दर्शनहरुको अध्ययन गरौ जुन २६०० बर्षहरु अगाडी त्यो समयदेखी अहिलेको समय जुन बेला हामी जिईराखेका छौ, यो कालखण्डको सन्दर्भमा थियो।आउनुहोस, दानियल २:१-११ देखी शुरु गरौ।

*“अनि नबुकदनेसरको शासनकालको दोस्रो बर्षमा नबुकदनेसरले सपनाहरु देखे,जसको कारणले तिनको आत्मा विचलित भयो,र तिनको निंद्राले तिनलाई छोड्यो।२ तब राजाले जादुगरहरु, ज्योतिषीहरू,मन्त्रतन्त्र गर्नेहरु,र कल्दीहरुलाई,तिनीहरुले राजालाई तिनका सपनाहरुको अर्थ खोलिदिउन् भनी बोलाउन आज्ञा दिए।अनि तिनीहरु आए र राजाको सामु उभिए।३ अनि राजाले तिनीहरुलाई भने:मैले एउटा सपना देखेको छु;अनि त्यस सपनाको अर्थ बुझ्नलाई मेरो आत्मा विचलित भएको छ।"४ तब ति कल्दीहरुले राजालाई अरामी भाषामा भने:"राजा अमर रहुन्!हजुरले आफ्ना दासहरुलाई त्यो सपना बताइदिनुहोस्,र हामी त्यसको अर्थ बताईदिनेछौ।"५ राजाले जवाफ दिएर कल्दीहरुलाई भने:मबाट यो आज्ञा भईसक्यो:तिमीहरुले मलाई त्यो सपना र त्यस सपनाको अर्थ बुझाएनौ भने तिमीहरु टुक्रा-टुक्रा पारिनेछौ,र तिमीहरुका घरहरु घुरान बनाइनेछन्।६तर तिमीहरुले मलाई त्यो सपना र त्यस सपनाको अर्थ बतायौ भने मबाट तिमीहरुले दानहरु,इनामहरु र ठुलो मान पाउनेछौ;यसकारण मलाई त्यो सपना र त्यसको अर्थ बताओ!७ तिनीहरुले फेरी जवाफ दिएर भने:"राजाले आफ्ना दासहरुलाई त्यो सपना भनून् र हामी त्यसको अर्थ बताउनेछौ।"८*

*राजाले जवाफ दिएर भने:मलाई पक्का थाहा छ,तिमीहरुले मबाट यो आज्ञा भईसकेको देखेका हुनाले तिमीहरु समय बढाउन चाहन्छौ।९ तर तिमीहरुले मलाई त्यो सपना बुझाएनौ भने तिमीहरुका निम्ती एउटै फैसला छ;किनभने समय बदली नहोउन्जेल तिमीहरुले मेरो सामु झुटा र भ्रष्ट कुरा बोल्नलाई आपसमा मतो गरेका छौ:यसकारण मलाई त्यो सपना बताओ!तब तिमीहरुले मलाई त्यसको अर्थ पनि बताउनसक्छौ भनी म थाहा पाउनेछु।"१० कल्दीहरुले राजाको सामु जवाफ दिएर भने:"पृथ्विमाथि यस्तो कुनै मानिस छैन,जसले राजाको यो कुरा बताउन सक्दछ;यसैकारण यस्ता कुनै राजा प्रधान वा शासक नै छैनन,जसले कुनै जादुगर,ज्योतिषी वा कल्दीलाई यस्ता कुराहरु मागे!११अनि राजाले माग गर्नुभएको कुरा नहुने कुरा हो;देवताहरु बाहेक,जसको वासस्थान मानिसहरुको साथमा छैन, रजाको सामु यो कुरा बताउन सक्ने अरु कोही छैन।"*

यस वचनको खण्डमा हामी देख्छौ कि राजा नबुकदनेसर,जो त्यस बेला बेबिलोन र पुरै संसारका राजा थिए,तिनले एउटा डरलाग्दो सपना देखे जेले उनलाई त्रसित बनाइदियो (उनको आत्मा छटपटी भयो)।

उनि यतीसम्म त्रसित भए कि उनि त्यो सपनाको कारण मध्यरातमा ब्युझिए अनि त्यसपछी सुत्नै सकेनन।छिट्टै उनले त्यो दर्शनको विवरणहरु उनको मानसपटलबाट हराउँदै गएकोले सम्झन असमर्थ भए।तर,त्यसले उनमा भयभित हुने भावना पैदा गरायो र उनको रिस चाडै उठ्थ्यो।त्यसैले,निराश अवस्थामा त्यही रात नै राजाले उनका विद्वान मानिसहरु,जादुगरहरु,जोखना हेर्नेहरु र ज्योतिषीहरुलाई बोलाई उनले देखेको सपना भन्न र त्यसलाई अर्थ खोली बर्णन गर्न अह्र्याए ।





तर, कसैले पनि गर्न सकेनन।अनि, हामी दानियल २:१२ मा पढ्छौ कि,

*"जब राजाले यो कुरा सुने,तिनी साह्रै रिसाए अनि बाबेलका सबै ज्ञानी मानिसहरूलाई ध्वंश गरिनुपर्ने आदेश दिए।"*


यसकारण उनले बेबिलोनका सबै ज्ञानी मानिसहरुलाई मार्ने हुकुम दिए। हो,राजाको बिद्वान मानिसहरुको पुरै विभाग।

दानियल र उनका ३ जना मित्रहरु पनि तिनै बिद्वान मानिसहरु अन्तर्गत नै थिए, तर त्यतिबेला हाजिर थिएनन।किनभने,तिनीहरु त्यो समयमा सानै र कनिष्ठहरु थिए।अनि,हामी दानियल २:१४-१६ मा पढ्छौ कि,

*"१४ तब दानियलले सल्लाह र बुद्दिका साथ राजाका अंगरक्षकहरुका कप्तान अर्योकलाई जवाफ दिए;तिनी बाबेलका बुद्दिमान मानिसहरुलाई मार्न भनी निस्किएका थिए;१५ उनले जवाफ दिएर राजाका कप्तान अर्योकलाई भने:" राजाबाट यो उर्दी किन यती छिटो निस्क्यो?"तब अर्योकले*

*दानियलकहाँ त्यो कुरा बुझाईदिए।१६तब दानिएल भित्र गए,र राजालाई विन्ती गरे: "मलाई समय दिनुहोस्, र म राजालाई त्यस सपनाको अर्थ बताउनेछु।"*

दानियलले कठोर आदेशको बारेमा राजाका कप्तान अर्योकबाट थाहा थाहा पाइसकेपछी राजा कहाँ गई सपनाको अर्थ खोल्नको लागी केही समय पाउँ भनि बिन्ती चढाइएका छन।



अनि के हुन्छ त ?हामीले दानियल २: १७-१९ मा पढ्न पाउछौ ।

*तब दानियल आफ्नो घर गए,र आफ्ना साथीहरु हनन्याह,मिशायल, अर्जयाहलाई त्यो कुरा बुझाईदिए;१८यस हेतुले कि दानियल र उनका साथीहरु बाबेलका बाँकी बुद्दिमान मानिसहरुको साथमा नाश नहोउन् भनेर उनीहरुले त्यस रहस्यको बिषयमा स्वर्गका परमेश्वरबाट कोमल कृपा पाउनलाई विन्ती*



*गरून्।१९ तब रातको दर्शनमा दानियलकहाँ त्यो रहस्य प्रकट भयो।तब दानियलले स्वर्गका परमेश्वरलाई धन्यवाद चढाए।*

दानियल र उनका ३ जना हिब्रु मित्रहरु मिशाएल,हनन्याह र अजर्याह (जोहरुलाई प्रचलित रूपमा शर्दक,मेशक र अबेदनेगो भनेर चिनिन्छ) सबैजनासँगै प्रार्थना सेवामा बसी परमेश्वरसँग प्रार्थना चढाए र राती दानियल निदाएको बेलामा परमेश्वरले दानियललाई त्यो दर्शन प्रकाश पारिदिनुभयो।

परमेश्वरबाट प्रकाश पाइसकेपछी भोलीपल्ट दानियलले राजाको अगाडी आफुलाई प्रस्तुत गरी दर्शनको बिषयको बारेमा ब्याख्या गर्न थाले जसै हामी दानियल २:२-३० मा पढ्न पाउछौ।

*"तर स्वर्गमा परमेश्वर हुनुहुन्छ,जसले रहस्यहरु प्रकट गर्नुहुन्छ;अनि पछिल्ला दिनहरुमा के हुनेछ, सो कुरा उहाँले राजा नबुकदनेसरलाई बताउनुहुन्छ।तपाईंको सपना र तपाइको पलङ्गमाथि देखिएका तपाईंको शिरका दर्शनहरु यि हुन्:*



*२९ तपाइँचाहीँ, हे राजा,आफ्नो पलङ्गमाथि हुनुहुँदा तपाईंको मनमा 'यसपछी के हुन्छहोला ?'भन्ने विचारहरु उठे;अनि जसले रहस्यहरु प्रकट गर्नुहुन्छ, उहाँले के हुनेछ,सो कुरा तपाईंलाई बताउनुहुन्छ।*

*३० तर म चाँहीं- मसँग अरु कुनै जीवित प्राणीसित भन्दा बढी बुद्दि भएकोले यो रहस्य म कहाँ प्रकट भएको होइन तर यस सपनाको अर्थ राजालाई बताइयोस्,र हजुरले आफ्नो हृदयको विचार जानुन् भनेर प्रकट भएको हो।"*

राजालाई सबै वृस्तित वर्णन गर्नु अघि दानियलले प्रकाशको श्रेय र प्र<शसा परमेश्वरलाई नै चढाएका छन् अनि राजालाई त्यो प्रकाश आफ्नै ज्ञानले नभएको र उनिहरु आफुभन्दा ज्येष्ठ विद्वानहरु

भन्दा तेजस्वी छैनन भनि प्रष्ट पारेका छन्।हेर्नुहोस त,त्यस्तो महान घडी र सौभा^यको अघि कस्तो अचम्मको नम्रताको उदाहरण।अनि,त्यसपछी दानियल बोल्न शुरु गर्दछन जसै हामी दानियल २:३१-३५ सम्म पढ्न पाउछौ।

*"हे राजा,तपाईंले हेरिरहनु हुँदा हेर,एउटा ठुलो मुर्ति!त्यो ठुलो मुर्ति,जसको चमक अति उत्तम थियो, तपाईंको सामु खडा थियो;अनि त्यसको रुप भयानक थियो।३२ त्यस मुर्तिको शिर उत्तम सुनको थियो,त्यसको छाती र र त्यसका पाखुरा चाँदीका थिए,र त्यसको पेट र त्यसका तिघ्राहरु पित्तलका थिए:३३ त्यसका खुट्टाहरु फलामका थिए,र त्यसका पाउहरुचाहिँ केही भाग फलामका र केही भाग माटाका थिए।३४ तपाईंले त्यतिबेलासम्म हेरिरहनुभएको थियो,जब एउटा ढुङ्गा कसैको हातहरुबिना काटियो,जसले त्यस मुर्तिलाई त्यसका फलाम र माटोले बनेका पाउहरुमा हिर्कायो र तिनलाई टुक्रा-टुक्रा पारीदियो।३५ त्यसपछी फलाम,माटो,पित्तल,चाँदी,र सुन एकसाथ टुक्रा-टुक्रा भए र ग्रीष्म ऋतुका खलाहरुको भुस झै भए;अनि हावाले तिनलाई उडाएर लग्यो,र ति थोकहरुका निम्ती कुनै ठाउँ पाइएन;अनि जुन ढुङ्गाले त्यस मुर्तिलाई हिर्कायो,त्यो ढुङ्गा एउटा ठुलो पहाड बन्यो,र त्यसले सम्पूर्ण पृथ्वीलाई भरिदियो।"*

यहाँ दानियलले सपना र त्यसको विवरणहरुलाई वर्णन गरेका छन।उनले राजालाई एउटा ठुलो शालिक देख्नुभएको हो जुन पुरै धातुको थियो, देख्न र आकारमा अति नै उत्तम र पुरै चहकिलो थियो, भनि भनेका छन।

अनि उनले त्यो धातुको शालिक ४ वटा धातुहरु मिलेर बनेको र विभिन्न धातुको ४ वटा भागहरुले बनेको थियो भनि ब्याख्या गरेका छन।अनि उनले,शिर चाँही सुनको,काँध,पाखुरा,छाती देखि पेटसम्म चाँदीको,पेट देखि घुँडासम्म तामाको र घुडा देखि पैतालासम्म फलामको अनि दुईवटा पैताला र औँलाहरुचाँही फलाम र माटो दुबै मिसिएको थियो भनि वर्णन गरेका छन।त्यसपछि,दानियलले राजालाई एउटा ढुङा देख्नुभयो भनेका छन जुन ढुङ्गा मानिसहरुको हातले नकाटिएको र त्यो शालिकलाई हिर्काई त्यो शालिकलाई धुलो पिठो नबनाएसम्म हिर्काएको थियो।अनि त्यो धुलो हावाले उडाएर लग्यो भने वर्णन गरेका छन।तर, त्यो ढुङा चाँही कुनै एक ठाँउमा अगि बढ्न शुरु गरी ठुलो पहाड बनि सम्पुर्ण पृथ्वीलाई नै ढाकेको थियो भनेर आफ्नो वर्णनको अन्त्य गरे। कस्तो उदेकको दर्शन।यसको अर्थ के हो त?आउनुहोस,दानियल २:३६ लाई पढौ।



*"सपना यही हो;अनि हामी राजाको सामु यसको अर्थ बताईदिनेछौ।"*

अब, दानियलले त्यस दर्शनको अर्थ खोल्न शुरु गर्दछन।

त्यो ४ वटा धातुले बनेको शालिक के हो त?यसले के दर्शाउदछ त?अनि ढुङ्गाले के सकेंत गर्दछ त? अनि,त्यसले किन त्यो शालिकलाई ध्वस्त पार्यो त?आउनुहोस,दानियल २:३७-४० सम्म यसको उत्तर हेरौ।

*"हे राजा,तपाई चाँही राजाहरुका राजा हुनुहुन्छ;किनकी स्वर्गका परमेश्वरले तपाईंलाई राज्य, अधिकार,शक्ति र महिमा दिनुभएको छ।३८अनि जहाँ-जहाँ मानिसका सन्तानहरु,मैदानका पशुहरु र आकाशका चराहरु बस्छन,ती सबै ठाउँहरु उहाँले तपाईंको हातमा दिनुभएको छ र ति सबै माथि तपाईलाई शासक तुल्याउनुभएको छ।त्यो सुनको शिर तपाईं नै हुनुहुन्छ।३९ अनि तपाई पछि तपाई भन्दा कमसल अर्को राज्य खडा हुनेछ;अनि अर्को,पित्तलको,तेस्रो राज्य खडा हुनेछ,जसले सारा पृथ्वीमाथि राज्य गर्नेछ।४०अनि चौथो राज्यचाँही फलाम जस्तै बलियो हुनेछ;किनकी फलामले टुक्रा-टुक्रा प ार्नेछ र चुर-चुर पार्नेछ।"*

यो परमेश्वरको दार्शनिक चित्र हो जेले सारा ससांरलाई राज्य गर्ने ४ प्रमुख सर्वव्यापी सासांरिक राज्यशक्तिबारे(साम्राज्य)वर्णन गर्दछ।तिनीहरुको परिचय र शासन अवधि निम्न तालिकामा दिइएको छ ।




| क्र.स. | धातु | शरिरको भाग | अर्थ र व्याख्या | शासन अवधि |
|---|---|---|---|---|
| १ | सुन | शिर | बेबिलोनियन साम्राज्य | ई.पु. ६०६– ई.पु. ५३८ (६८ वर्ष) |
| २ | चा ँदी | छाती र पाखुरा | मेडो-पर्सियन सामाज्य्र | ई.पु. ५३८ देखि ई.पु. ३३१ (२०७ वर्ष) |
| ३ | का ँसा | पेट र तिघ्रा | ग्रीक साम्राज्य | ई.पु. ३३१ देखि ई.पु. १६० (१७१ वर्ष) |
| ४ | फलाम | खुट्टा र पैताला | रोमी साम्राज्य | ई.पु. १६० देखि सन् ४७६ (६३६ वर्ष) |

फलाम र माटो मिसिएको पैतालाले चाँही रोमी साम्राज्यको परिमार्जित रूपलाई दर्शाउँदछ जेले गठबन्धनलाई चित्रण गर्दछ अर्थात माटो र फलाम बिचको सम्झौता जसै दानियल २:४१-४३ मा वर्णन गरिएको छ।

*"४१अनि जसरी तपाईले पाउहरु र औँलाहरु केही भाग कुमालेको माटाका र केही भाग फलामको देख्नुभयो,त्यसरी नै त्यो राज्य विभाजित हुनेछ;तरै पनि त्यसभित्र फलामको बल हुनेछ;किनकी तपाईंले फलाम गिलो माटोसँग मिसिएको देख्नुभयो।४२ अनि जसरी पाउहरुका औंलाहरु केही भाग फलामका र केही भाग माटाका थिए त्यसरी नै यो राज्य केही भाग बलियो र केही भाग फुटिजाने हुनेछ।४३ अनि जसरी तपाईले फलाम गिलो माटोसँग मिसिएको देख्नुभयो,त्यसरी नै तिनीहरु मानिसका सन्तानसँग मिसिनेछन;तर जसरी फलाम माटोसँग मिसिदैन,त्यसरी नै तिनीहरु एक-अर्कासँग टाँसिदैनन्।"*

अब,हामी फलाम माटोसँग मिसिएको दृश्यको पहिचान र अर्थलाई हेरौ र बुझौ।

-> फलाम-यसले रोमी साम्राज्य र अनि त्यसको नागरिक राज्याधिकारलाई चित्रण गर्दछ।
-> माटो-यसले रोमी मण्डली र रोमका बिशपहरु जोहरु पृथ्वीमा ख्रीष्टको प्रतिज्ञा गरिएको राज्य गर्न (मत्ती ६:१०) अधिकार प्राप्त गरेको भनि दाबी गर्दछन,ति दुबैलाई चित्रण गर्दछ।रोमी चर्चहरु रोमी साम्राज्यका विभाजनहरु,जुनलाई आज युरोप भनिन्छ,विशेष गरी फ्रान्सबिच (तत्कालिन गउल) भएको गुट र सन्धिबाट जुन बडाहाकिम पेपिन र चार्लामाग्नेले शुरु गरेको अर्को साम्राज्य शुरु भयो जसलाई इतिहासमा पवित्र रोमी साम्राज्य भनेर प्रबिष्ट गरिएको छ।माटो र फलामले बनेको पैतालाले यही पवित्र रोमी साम्राज्यलाई दर्शाउदछ।त्यसो हो भने,फलाम र माटोले मिसिएको १० ओटा औँलाहरु चाँही के हो त?यिनीहरु स्वाधिन भिन्न राज्यहरु थिए जोहरु क्रिश्चियन राज्यहरु भए पनि पछि गएर सम्पुर्ण विश्व कब्जा र एकिकृत गरी साम्राज्यहरु खडा गरे।तिहरु ब्रिटिस साम्राज्य,फ्रेन्च साम्राज्य,स्पेनिस साम्राज्य आदी थिए ।



माटो चाही ढुङ्गा कै नक्कल हो।तसर्थ, यि क्रिश्चियन साम्राज्यहरु साँचो परमेश्वर र ख्रीष्टको राज्य नभई उहाँको योजना बाबजुद नभएको किर्ते राज्यहरु थिए।अनि,त्यसपछि के भयो त?आउनुहोस्,दानियल २:४४,४५ लाई पढौ।

*अनि ति राजाहरुका दिनहरुमा स्वर्गका परमेश्वरले एउटा राज्य खडा गर्नुहुनेछ,जुन राज्य कहिल्यै नष्ट हुनेछैन;अनि त्यो राज्य अरु कुनै जातिको हातमा छोडिनेछैन,तर त्यसले ति सबै राज्यहरु टुक्रा-टुक्रा पारेर नाश गर्नेछ;अनि त्यो सदासर्वदा स्थिर रहनेछ।४५ तपाईले कसैका हातहरुबिना एउटा पहाडबाट त्यो ढुङ्गा काटिएको देख्नुभयो,र त्यसले फलाम,पित्तल,माटो,चाँदी र सुनलाई टुक्रा=टुक्रा पार्यो;यसकारण महान् परमेश्वरले राजालाई यसपछी के हुने हो,सो थाहा दिनुभएको छ;अनि यो सपना पक्का हो,र यसको अर्थ निश्चित छ।*

यो ढुङ्गा के हो त?यो साँचो,लामो समय प्रार्थना गरिएको परमेश्वरको दिब्य राज्य हो जुन स्वर्गबाट उत्पत्ति हुन्छ।(ढुङ्गा जुन मानिसको हातबाट नकाटिईकनै पहरोबाट आएको थियो)।हो,त्यो राज्य मानिसहरुबाट उत्पत्ति नभई परमेश्वरबाट र स्वर्गबाट उत्पन्न भई ति पहिलेका राजाहरुकै

समयकालमा नै यस पृथ्वीमा स्थापित हुदछ।त्यस ढुङ्गाले पहिला सबै साम्राज्यहरुलाई (अहिलेको दुष्ट ससांर)ध्वस्त पारी त्यो ढुङ्गा ठुलो पहाड बनि सारा पृथ्वीलाई ढाक्दछ जसको अर्थ परमेश्वरको धार्मिकताको राज्य र उहाँको इच्छा बमोजिम यस पृथ्वीमा स्थापना हुनु हो।तसर्थ,परमेश्वरले नेबुकदनेसरको सपनामा यस पृथ्वीमा क्रमिक रूपमा मानव इतिहासमा दानियलको बेला देखि अहिले तत्कालको समयसम्म स्थापना हुने विश्व साम्राज्यहरुलाई देखाइदिनुभयो।

-> अब,हामी अगमवक्ता दानियल आँफैले दानियलको पुस्तक ७ अध्यायमा उल्लेख गरिएको दर्शनलाई हेरौ।दानियल ७:१-२

*"बाबेलका राजा बेल-शज्जरको पहिलो बर्षमा दानियलले आफ्नो पलङमाथि एउटा सपना र आफ्नो शिरका दर्शनहरु देखे;उनले त्यो सपना लेखे,र ति कुराहरुको सारांश बताए।२दानियल बोले,र भने:"रातको समयमा मैले आफ्नो दर्शनमा हेरिरहेको थिए;अनि हेर,आकाशका चार बतासहरुले महासागरमाथी हानिरहेका थिए।"*

यहाँ,दानियलको सपना स्वर्गको ४ बतासहरुले समुद्रलाई बहाईरहेको परिदृश्यबाट शुरु हुदँछ। यसको अर्थ के हो त?यहाँ स्वर्गले पृथ्वीमाथीको आत्मिक अधिकारलाई चित्रण गर्दछ।अनि ४ वटा बतासले सासांरिक अधिकारहरु जसद्वारा नै आत्मिक अधिकार र शक्ति पनि अभ्यास गरिन्छ, जुनहरु राजनितिक, सामाजिक, आर्थिक र धार्मिक पक्षहरुलाई दर्शाउदछ।




अनि,स्वर्गीय आत्मिक शक्ति र ४ बतासहरुको समिश्रण चाँही समुद्रमाथि बहनुले ति शक्तिहरु पाप र मृत्युमा बाँधिएको ससांरको मानवजातीको वर्तमान अवस्थालाई दर्शाउदछ,जसै यशैया ५७:२० मा उल्लेख गरिएको छ।

*"तर दुष्टहरु छाल उठेको समुन्द्र जस्ता हून्छन्,जो शान्त रहन सक्दैन,जसका पानीले हिलो र माटो उर्लाऊन्छन्।"*

यो दोश्रो विश्वको ग्राफिक चित्र हो जबकी दोश्रो विश्व यो दर्शन प्रकाश प्रकट हुने बेलामा पनि अस्तित्वमा थियो।र,हामी दानियल ७:३ मा पढ्छौ।

*"अनि त्यस समुद्रबाट चार वटा ठुला-ठुला पशुहरू बाहिर निस्के,जुन पशुहरू एक-अर्का भन्दा बेग्लै थिए।"*

यि ठुला पशुहरु को हुन त? यिनीहरु अरु केहि नभई दानियल २ मा लिखोट भएको ४ बिश्व साम्राज्यहरु नै हुन।यसलाई दानियल ७:१७ मा पक्का गरिएको छ।

*"यि ठुला-ठुला पशुहरु,जुन चाहीँ चारवटा छन्,चार राजाहरु हुन्,जो यस पृथ्वीबाट उठ्नेछन।"*

देख्नुभयो, ति ४ पशुहरुले तिनै ४ विश्व साम्राज्यहरुलाई चित्रण गर्दछ।अनि के भयो त?आउनुहोस, दानियल ७:४ पदलाई हेरौ।

*"पहिलो चाँही सिंहजस्तो थियो,जसका चिलका पखेटाहरु थिए:त्यसका पखेटाहरु उखेलिन्जेल मैले हेरिरहेको थिएँ,अनि त्यो पृथ्वीबाट उठाइयो र मानिसजस्तो दुइटै खुट्टामा उभ्याइयो,अनि त्यसलाई मानिसको हृदय दिइयो।"*

यसले के दर्शाउदछ त वा यसको अर्थ के हो त?यो पहिलो विश्व साम्राज्य-बेबिलोनियन साम्राज्यको साकेंतिक चित्र हो।यसमा प्रयोग भएको चिन्हहरुलाई बुझ्ने प्रयास गरौ।



->सिंहजस्तै-यसले बेबिलोनीहरुको महान् शक्ति र अधिकारलाई चित्रण गर्दछ।तर,यो सिंहको चिलका पखेटाहरु थिए।

- > चिलको पखेटा-यसले बेबिलोनीहरुले हासिल गर्ने अति उच्च उचाईलाई दर्शाउँदछ जसै हामी दानियल ४:२२ मा पढ्दछौ।

*"हे राजा, त्यो रुख त तपाईं नै हुनुहुन्छ,जो बढनुभयो र बलियो हुनुभयो:किनकी तपाईको महानता बढेको छ,र आकाशसम्म पुगेको छ,तपाईको प्रभुत्व पृथ्वीको अन्तसम्म छ।"*

बेबिलोनीहरुको महिमाको उचाईलाई चिलको पखेटाले सकेंत गरिएको छ,किनकी चिलमात्र त्यस्तो एउटा चरा हो,जुन आकाशको सबैभन्दा उचाईमा उड्दछ।अनि,बेबिलोनको महान महिमा र त्यसले हुने उचाईलाई सिंहले मात्र चित्रण गर्नु पर्याप्त थिएन।त्यसैले नै,सिंहमा चिलको पखेटा आवश्यक देखियो।

->सम्म मैले हेरिरहे:यसले बेबिलोनी इतिहासको सिमित कालखण्डलाई दर्शाउदछ।
->पखेटाहरु नचुडाएसम्म:यसले नबुकदनेसरको राजकिय अधिकारहरु र महिमा कसरी खोसियो भन्ने कुराको चित्रण गर्दछ जसै हामी दानियल ४:३१ मा पढ्न पाउछौ।
*"त्यो वचन राजाको मुखमा हुँदा नै स्वर्गबाट यसो भन्ने बाणी आइहाल्यो:"हे राजा नबुकदनेसर,तिमीलाई यो भनिदैछ:राज्य तिमीबाट लगियो।*

-> मानिसको हृदय दिइयो:यसले नबुकदनेसरको सातकालको पशु सरहको अनुभवहरुद्वारा नम्र बनाई कसरी उनले स्वर्गको परमेश्वरलाई प्रशंसा चढाए भन्ने कुरा दर्शाउदछ जसै हामी दानियल ४: ३४-३७ मा पढ्न पाउछौ ।

*"अनि ति दिनहरुको अन्त्यमा म,नबूकदनेसरले आफ्ना आँखाहरु स्वर्गतिर उठाएँ,र मेरो समज मतिर फर्केर आयो;अनि मैले परमप्रधानलाई धन्यको भने,अनि उहाँको प्रशंसा गरेँ र आदर दिएँ,जो सदा- सर्वदा जीवित रहनुहुन्छ,जसको प्रभुत्व एउटा अनन्तको प्रभुत्व हो,र जसको राज्य पुस्ता-पुस्तासम्म रहिरहन्छ;३५ अनि पृथ्वीका सबै बासिन्दाहरु शुन्य सरह गनिएका हून्;अनि उहाँले स्वर्गको सेनाको बीचमा र पृथ्वीका बासिन्दाहरुको बीचमा आफ्नै इच्छा अनुसार काम गर्नुहुन्छ;अनि कसैले उहाँको हात रोक्न सक्दैन,न ता उहाँलाई 'तपाईंले के गर्दै हुनुहुन्छ?' भनी भन्न सक्दछ।३६ त्यही समयमा मेरो समझ म कहाँ फर्केर आयो;अनि मेरो राज्यको महिमाको निम्ती मेरा आदर र तेज म कहाँ फर्केर आए;अनि मेरा सल्लाहकारहरु र मेरा प्रधानहरुले मलाई खोजे;अनि म आफ्नो राज्यमा फेरी स्थापित भएँ;अनि म माथि प्रतापमाथि प्रताप थपियो।३७ अब म,नबूकदनेस्सर स्वर्गका राजालाई प्रशंसा गर्छु,बढाइँ गर्छु,र आदर दिन्छु;उहाँका सबै कामहरु सत्य छन्,र उहाँका चालहरु न्यायसङ्गत छन्;अनि जो घमण्डसाथ हिँड्दछन,त्यस्तालाई निच तुल्याउन उहाँ सामर्थी हुनुहुन्छ।"*

अनि हामी दोश्रो पशुको बारेमा पढौ। *दानियल ७:५*

*"अनि हेर,अर्को पशु,दोश्रोचाहिँ भालूजस्तो थियो;अनि त्यो एकापट्टी कोल्टो परेर उभियो;अनि त्यसको मुखभित्र,त्यसका दाँतहरुको बीचमा तीनवटा करङ्गहरु थिए;अनि तिनीहरुले त्यसलाई यसो भने:उठ प्रशस्त मासु खा!"*



यो, मेडो-पर्सियान साम्राज्यको चित्र हो।अब,यसमा प्रयोग भएको चिन्हहरुलाई बुझ्ने प्रयास गरौ।

-> भालूजस्तै: यसले मेडो-पर्सियन साम्राज्यलाई दर्शाउदछ।कसरी भनि तपाईं सोध्न सक्नुहोला? मेडो-पर्सियनहरु कुशल सैनिक तरिकाहरुमा पोख्त थिए जस्तै घेराबन्दीहरु राखी आफ्ना शत्रुहरुलाई घेरी खाध्यान्न आपूर्तिलाई अबरोध गरी जिवनबाट टाढा राखी मृत्युसम्मै पुर्याउने।जसरी भालूको अङ्गालोमा परेपछि जसरी त्यसले सास जाने गरी च्याप्दछ अनि त्यसको शत्रुहरुलाई मार्दछ। यसर्थ,यस तरिकामा मेडो-पर्सियन साम्राज्य भालूजस्तै थियो।

- ➔ एकपट्टीबाट उठाइयो- यसले त्यस साम्राज्यका राजाहरुमा मादीहरु भन्दा पर्सियनहरु ससांरमा धेरै भई असन्तुलनको अवस्थालाई चित्रण गर्दछ।२ वटा पाखुराले मादी र पर्सियनहरुको सन्धि र गुठबन्दीलाई दर्शाउदछ।

->मुखका दातहरुका बिचमा ३ वटा करङ्गहरु थिए: जसरी पशुले अरु पशुहरुलाई खाद्छ,त्यसरी नै यसले कसरी मेडो-पर्सियनहरुले आफ्नो साम्राज्य विश्वभर फैलाउन अघि ३ वटा प्रमुख राज्यहरुमाथी हडपी विजय प्राप्त गरे भन्ने तथ्यको चित्रण गर्दछ।ति ३ वटा प्रमुख राज्यहरु निम्न थिए
१. मिश्री राज्य
२. लिडियन राज्य
३ .बेबिलोनी राज्य

- ➔ उठ र खान सक्ने मासु खा-यसले मेडो-पर्सियन साम्राज्यलाई बेबिलोनी साम्राज्यलाई हडपी कब्जा गर्न दिईएको दिब्य अधिकारलाई चित्रण गर्दछ जसै हामी दानियल ५:२८,३०-३१ मा पढ्न पाउछौ।

*"'परेस' तपाईंको राज्य टुक्रिएको छ अनि मादीहरु र फारसीहरुलाई दिइएको छ।३० त्यही रात कल्दीहरुका राजा बेल-शज्जर मारिए।३१ अनि मादी दाराले बयसट्ठी वर्षको उमेरमा त्यो राज्य लिए।"*

अब,हामी तेश्रो राज्यलाई हेरौ।

दानियल ७:६ *"त्यसपछी मैले हेरिरहेको थिएँ;अनि हेर,अर्को पशु चाँही चितुवाजस्तो थियो,जसको पिठ्युँमाथि पक्षीका चारवटा पखेटाहरु थिए;अनि त्यस पशुका चारवटा टाउका थिए;अनि त्यसलाई राज्याधीकार दिइयो।"*



यो ग्रीक साम्राज्यको साकेंतिक चित्र हो।यसमा प्रयोग भएका चिन्हहरुलाई बुझ्ने प्रयास गरौ।

->चितुवा जस्तै:यसै जनावरले ग्रीक साम्राज्यलाई दर्शाउदछ।जसरी,चितुवा पृथ्वीमा सबैभन्दा छिटो दगुर्ने जनावर हो,त्यसरी नै ग्रीक साम्राज्य ग्रीसका महान राजा अलेक्जेण्डर द ग्रेटद्वारा सम्पुर्ण विश्वमाथी विजय हासिल गरी छिटो स्थापना भएको भन्ने तथ्यलाई दर्शाउदछ।
->पिठ्युँमा चराको जस्तै ४ वटा पखेटाहरु:यसले कसरी अलेक्जेण्डरले त्यति छोटो समयमा सम्पूर्ण विश्वमाथी ग्रीक साम्राज्य स्थापना गर्न सक्षम भए भन्ने तथ्यलाई चित्रण गर्दछ। अलेक्जेण्डरले आफ्ना ४ जना प्रमुख जेनेरलहरुको सहयोग मार्फत मात्र ग्रीक राज्य स्थापना गर्न सफल भए।तसर्थ,चितुवा छिटो मात्र दौडिएन कि ति ४ पखेटाको सहायताले उड्न पनि सके र बिरलै भुईमा टेके।

-> पशुका ४ वटा टाउकाहरु थिए,यसले कसरी छिट्टै अलेक्जेण्डरले ग्रीक साम्राज्य स्थापना गरी ३२ बर्षको उमेरमा बिना कुनै सन्तान उमेरमा मरे,त्यसरी नै उनको कोही उत्तराधिकारी नभएका कारण कालान्तरमा ग्रीक साम्राज्य ४ जना प्रमुख जेनेरलहरुको अधिकार मुनी ४ भागमा विभाजन भयो भन्ने तथ्यलाई दर्शाउदछ।ति ४ भागहरु निम्न छन।

१) जेनेरल क्यास्यान्डर-मेकोदानिया र ग्रीस
२) जेनेरल लाईसिमाकस-एसिया माइनर र थ्रास
३) जेनेरल सेल्युकस निकाटोर-मेसोपोटामिया र सिरिया
४) जेनेरल टोलेमी-मिश्र र प्यालेस्टिन अनि, हामी चौथो पशुको बारेमा दानियल ७:७ मा हेरौ।

*"त्यसपछी मैले रातका दर्शनहरुमा हेरिरहेको थिएँ;अनि हेर,चौथो पशुचाहिँ डरलाग्दो,डरत्रास पैदा गर्ने र ज्यादा बलियो थियो;अनि त्यसका ठुला-ठुला फलामका दाँतहरु थिए;त्यसले निल्थ्यो,टुक्रा-टुक्रा पार्थ्यो,र बाँकी भाग आफ्ना खुट्टाहरुले कुल्चिमिल्ची पार्थ्यो;त्यसभन्दा अघिका सबै पशुहरुभन्दा त्यो बेग्लै थियो;अनि त्यसका दसवटा सिङ थिए।"*

यो अति भयंकर र अति शक्तिशाली पशु अरु पशुहरुभन्दा अजङ्गको थियो।



यो चौथो विश्वको (रोमी साम्राज्य) चित्र हो।यसमा प्रयोग भएको चिन्हहरुलाई बुझ्ने प्रयास गरौ।
-> अति शक्तिशाली-यसले रोमी साम्राज्यको सैनिक अधिकारलाई दर्शाउदछ जुन उनीहरु भन्दा पहिला कुनै पनि साम्राज्यमा थिएन।
-> ठुला-ठुला फलामका दातहरु: जसरी पशुले आक्रमण गर्न आफ्नो दातहरु प्रयोग गर्दछ त्यसरी नै रोमीहरुले अत्यधिक मात्रामा फलाम प्रयोग गरी हात हतियारहरु निर्माण गरी पहिलाका साम्राज्यहरु भन्दा सबैभन्दा रक्षामा शक्तिशाली भए भन्ने तथ्यलाई दर्शाउदछ।
-> दशवटा सिङ्गहरु थिए:यसले विशाल रोमी साम्राज्य १० वटा राजाहरुको अधिकारमा १० वटा उपराज्यहरु विभाजित थियो भन्ने तथ्यलाई दर्शाउदछ।उदाहरण:प्यालेस्टिनमा हेरोदहरु थिए। (लुका २३:७,प्रेरित २४:१३) अनि हामी अझ तल दानियल ७:८ मा पढ्छौ।

*"ति सिङ्गहरुको विषयमा मैले सोचिरहेको थिएँ;अनि हेर,तिनको बिचमा अर्को एउटा सानो सिङ्ग माथि उठेर आयो,जसको सामुबाट अघिका सिङ्गहरु मध्य तिनवटा जरैसँग उखेलिए;अनि हेर, त्यस सिङ्गमा मानिसका आँखाहरुजस्ता आँखाहरु थिए र ठुला-ठुला कुराहरु बोल्ने एउटा मुख थियो।"*

यसले के चित्रण गर्दछ त?हामीले यसको अर्थ हेरौ।

-> सिङ्गहरुका बारेमा विचार गर्दै थिए-यसले रोमी साम्राज्यको सिमित कालखण्डलाई दर्शाउदछ जतिबेला पछि केहि भयो।
->सानो सिङ्ग तिनीहरुमध्यबाट उम्रेको-यसले रोमी साम्राज्य उपराज्यमा विभाजन हुने विकास क्रमलाई चित्रण गर्दछ।
->पहिलेका सिङ्गहरुमध्य तीनवटा चाँही त्यसको जरै समेत उखेलिए-यसले रोमी साम्राज्यका ३ वटा पतित अधिराज्यहरुलाई (हेरुली,पुर्विय एक्सट्राचार र ओस्ट्रोगोथस)दर्शाउदछ,जुन अधिराज्यहरुको अन्त्यले नै सानो सिङ्ग उम्रिने बाटो बनायो।यो सानो सिङ्गले केलाई वा कसलाई चित्रण गर्दछ त?यो रोममा नै उत्पत्ति भएको रोमका बिशपहरुको शक्ति हो जोहरु एक फरक खालको राज्य स्थापना गर्न उन्मुख थिए।आउनुहोस्,व्याख्यामा प्रयोग भएको चिन्हहरुलाई ख्याल गरौ।
-> मानिसका आँखाजस्तै त्यस सिङ्गका आँखा थिए र अहंकारी कुरा गर्ने त्यसको मुख थियो। यसले रोमका बिशपहरुको अदृश्य र चलाखीपुर्ण तरिकाहरुलाई दर्शाउँदछ,जेद्वारा तिनीहरुले बाइबलको वचनको दिब्य सत्यहरु मार्फत अधिकार दाबी गरी रोमी साम्राज्यमा नै परमेश्वरको राज्य यस पृथ्वीमा स्थापना गर्न चाहन्थे।यसरी नै पापासीको जन्म भयो।प्रत्येक पोप चाँही राजा जस्तै थिए र तिनीहरुले नागरिक र धार्मिक दुबै पक्षहरुमा प्रभुत्व दाबी गर्दथे जुन अरु राजाहरुले (सिङ्गहरु)गर्दैनथे।तसर्थ,त्यस सानो सिङ्गले पोपहरुको अधिकारलाई दर्शाउँदछ,जुन सन् ७९९ मा शुरु भई पवित्र रोमी साम्राज्यको स्थापना गरे जुन पृथक प्रकारको प्रभुत्व थियो।युरोप महादेशका सबै राजाहरु र सम्राटहरूले पोपद्वारा नै निर्देशित हुदथे।प्रभुको दोश्रो आगमन अगावै नै मण्डलीले राज गरिराखेको थियो।
-> अनि त्यसपछी अगमवाणीमा के भयो त?आऔ हामी अझ तल दानियल ७:९ लाई पढौ।

*"सिंहासनहरु बसालिउन्जेल मैले हेरिरहेको थिएँ;अनि एकजाना अति प्राचिन बस्नुभयो,जसको वस्त्र हिउँजस्तै सेतो थियो;र जसको शिरको केश चोखो ऊनजस्तो थियो;उहाँको सिंहासन आगोका ज्वालाहरुजस्तो थियो र त्यसका चक्काहरुचाहिँ जलिरहेको आगो जस्ता थिए।"*

अति प्राचिन को हुन त?यो परमेश्वर पिताको चित्रण हो जसले न्याय गर्नुहुन्छ।अनि उहाँको न्यायको बारे हामी के पढ्छौ त?आउनुहोस, दानियल ७:१२ लाई पढौ।

*" बाँकी पशुहरुचाहिँ-तिनीहरुबाट तिनीहरुको अधिकार खोसियो;तर तिनीहरुका जीवनचाहिँ एउटा अवधी र एउटा समयका निम्ती लम्मिए।"*

हो, यि पशुहरुको वा साम्राज्यहरुको सासांरिक प्रभुत्व खोसिएर लगियो।अनि, त्यो शक्ति कसैलाई दिइयो जसको बारे हामी अर्को पद दानियल ७:१३ मा पढ्न पाउछौ।

*"मैले रातका दर्शनहरुमा हेरिरहेको थिँए;अनि हेर,आकाशको बादलहरुको साथमा मानिसका पुत्रजस्तै एकजना आउँदै हुनुहुन्थ्यो;अनि उहाँ ति अति प्राचिनकहाँ आउनुभयो,अनि तिनीहरुले उहाँलाइ उहाँको सामु नजिक ल्याए।"*

उहाँको हुनुहुन्छ त?उहाँ येशू ख्रीष्ट हुनुहुन्छ जो परमेश्वर पिताको सामु ल्याइयो।अनि,यसबाहेक हामी के पढ्छौ त जसै हामी दानियल ७:१४ लाई पढौ।

*"अनि सबै मानिसहरु,जातिहरु,र भाषाहरुले उहाँको सेवा गरुन भनेर उहाँलाई प्रभुत्व,महिमा र एउटा राज्य दिइयो;उहाँको प्रभुत्वचाहिँ अनन्त प्रभुत्व हो,जो कहिल्यै टल्नेछैन;अनि उहाँको राज्यचाहिँ कहिल्यै नष्ट हुने छैन।"*



हो,उहाँले अधिकार,प्रभुत्व,महिमा र राज्य प्राप्त गर्नुहुनेछ र सबै राष्ट्रहरुले उहाँको नै सेवा गर्नेछन।उहाँको साम्राज्य पहिलेका साम्राज्यहरु जस्तै नष्ट हुने छैन तर सदाकाल रहने हुन्छ र त्यो अनन्त सम्म हुन्छ।हो,परमेश्वरको राज्य नै पाँचौं विश्वब्यापी साम्राज्य हुनेछ।यस राज्यको विषयमा हामी पद २७ मा पढ्न पाउछौ।

*“अनि राज्य,प्रभुत्व र सम्पूर्ण आकाशमनिका राज्यहरुको महानता परमप्रधानका पवित्रजनहरुले उहाँको सेवा गर्नेछन् र उहाँको आज्ञा पालन गर्नेछन्।”*

हो, यो परमेश्वरको राज्य उहाँको सन्तहरु सँगसँगै (जोहरु येशु ख्रीष्टको मण्डली हो) राज गरिन्छ जुन येशुले गर्नुभएको प्रतिज्ञाको पूर्णता पनि हो जसै हामी लुका २२:२९ मा पढ्न पाउछौ।

*"अनि जसरी मेरा पिताले मेरा निम्ती नियुक्त गर्नुभएको छ,त्यसरी नै म पनि तिमीहरुका निम्ति एउटा राज्य नियुक्त गर्दछु।"*

हो,जुन परमेश्वरको राज्य येशुले आफ्नो पिताबाट प्राप्त गर्नुहुनेछ,त्यसको केही भाग र अंश उहाँले मण्डली-आफ्नो शरिरलाई पनि दिनुहुनेछ।यो,त्यतिबेला हुन्छ जतिबेला येशु दोश्रोचोटी यस पृथ्वीमा राज्य स्थापना गर्न आउनुहुनेछ। (मत्ती ६:१०)

-> यो राज्य मण्डलीहरुले राज गर्ने बेलामा हुने होईन।बरु,यो समयचाँही प्रभुको पदचिन्हहरुलाई पछ्याई कष्ट भोग्नु हो र पुत्रको रूप समान हुनका लागी विश्वासयोग्य हुने समय हो।यस सन्दर्भलाई वचनले प्रष्टै सिकाएको छ जसै हामी २ तिमोथी २:१२, प्रेरित १४:२२ र प्रकाश ३:२१ लाई पढ्दछौ।

*“हामीले दु:ख भोग्यौं भने हामीले उहाँसँगै राज्य पनि गर्नेछौ।हामीले उहाँलाई इन्कार गर्यौं भने उहाँले पनि इन्कार गर्नुहुनेछ।”*

*२२ “अनि चेलाहरुका मनलाई स्थिर गराए र 'विश्वासमा लागिरहनुपर्छ र अनेकौं कष्ट सहदै हामी परमेश्वरको राज्यभित्र पस्नुपर्छ' भन्दै तिनीहरुलाई अर्ती दिए।”*

*“ २१ जसले जय पाउँछ, उसलाई मेरो सिँहासनमाथि मसँग बस्न दिनेछु,जसरी मैले पनि जय पाएँ, र मेरा पितासँग उहाँको सिँहासनमाथि बसेँ।”*

धेरैले यसलाई गम्भिर रूपले नै गलत प्रकारले बुझी येशुको दोश्रो आगमन अगावै नै अधिकार फैलाउन खोज्छन।

-> यो विशेषतालाई "माटो" र " सानो सिङ्ग"ले चित्रण गर्दछ।तर, परमेश्वरको साँचो/ यथार्थ राज्य चाँही येशुको दोश्रो आगमनमा मात्रै स्थापित हुदँछ र उहाँका विश्वासयोग्य चेलाहरु उहाँजस्तै र उहाँसँगै हुनेछन जसै हामी मत्ती २५:३१ मा पढ्न पाउछौ।

*"तर जब मानिसको पुत्र आफ्नो महिमामा आउनेछन, र सबै पवित्र दुतहरु पनि उहाँको साथमा आउनेछन् तब उनी आफ्नो महिमाको सिंहासनमा बस्नेछन्।"*

हो, यो येशु र उहाँको मण्डली महिमासाथ आउने घटनाको वर्णन हो।प्रिय साथीहरु,अब हामी दानियलको दर्शनको पुर्णताको क्रममा हामी आजको समयहरुमा कहाँ छौ त भनि हेरौ।

-> आज हामी देख्छौ कि कँही पनि राजाहरु छैनन।
-> सबै राज्यहरु हराएका छन।किन त?किनकी हामी वर्तमान समयमा विश्व साम्राज्य र शक्तिहरुको अन्तमा छौ भने पाँचौं विश्वब्यापी साम्राज्य-पृथ्वीमा परमेश्वरको राज्यको ढोकैमा छौ।हो,वर्तमान अवस्थाको बारेमा हामी भजनसंग्रह ११०:५ म पढ्न पाउछौ।

*"तपाईंको दाहिने हातपट्टि हुनुहुने प्रभुले आफ्नो क्रोधको दिनमा राजाहरुलाई टुक्रा-टुक्रा पार्नुहुनेछ।"*

हो,सबै राजतन्त्रहरु र राज्यहरु पृथ्वीबाट हराएका छन।अनि,हामी भजनसङ्ग्रह ११०:६ मा पढ्छौ।

*"उहाँले अन्यजातिहरुको बीचमा न्याय गर्नुहुनेछ;उहाँले ति ठाउँहरुलाई लाशहरुले भरिदिनुहुनेछ; उहाँले धेरै देशहरुका टाउकेहरुलाई घायल पार्नुहुनेछ।"*



विगत,७८ बर्ष देखि युद्दपछि युद्दहरुका कारण पहिल्यै कहिल्यै नकाटेको संख्यामा मानिसहरु मरिराखेका छन।हामीले पहिलो विश्व युद्ध,दोश्रो विश्व युद्द,भियतनाम युद्ध,कोरियाली युद्ध,इरान-इराक बिचको युद्ध,आदी इत्यादी सबै भोगिसकेका छौ।यसका अलावा थुप्रै राष्ट्रहरुमा आन्दोलनहरु र स्वतन्त्रताका सङ्घर्षहरु भए।यि युद्धहरुमा साच्ची नै थुप्रै मानिसहरु मरे जसका कारण सबै राष्ट्रहरु मृतशरिरले भरिएका छन।



साच्चै,परमेश्वरको राज्यको स्थापनाको काम शुरु भईसकेको छ।राजतन्त्र (राजाहरुको सर्वाधिकार) पछि परमेश्वरले अरु किसिमको सरकार व्यवस्थालाई अनुमति दिनुभयो तर ति सबै पनि स्वार्थ,पंथ र भ्रष्टचारले नष्ट हुनेछन।आउनुहोस्,ति विभिन्न किसिमका सरकारका व्यवस्थाहरुलाई हेरौ।
-> कम्युनिष्टबाद:चिन,रसिया र युरोपका केही भागहरु कम्युनिजमको अधिनमा थिए।र तिनीहरुले शान्ति र प्रसन्नताको आशा गरे।तर के भयो त?रसिया थुप्रै टुक्राहरुमा विभाजित भयो अनि रसिया र वर्तमान चिनमा पनि कम्युनिजमको अन्त्य भयो।
-> समाजबाद-यो पनि निरर्थक र अपर्याप्त पुष्टि भयो।
-> प्रजातन्त्र-संसारको ठुलो प्रजातन्त्र भएको देश भारतको उदाहरण लिऔ।पहिला,लामो समयसम्म कम्युनिष्टहरु अधिकार गर्ने दल भए।तर के भयो त?त्यसपछि अरु पार्टीहरुको गुठसँगै भारतीय जनता पार्टीलाई सत्ता हस्तान्तरण गरी मौका दिइयो।र,आजको दिनसम्म पनि भारतको गुठबन्धीबाट सं‌चालन/शासन गरिएको छ।सबैलाई प्रयास गरे तर कसैले पनि सबै समस्याहरुलाई समाधान गर्न नसकी फेल खाए।यो तथ्य र सत्यतालाई आमोस ५:१९ मा अगमवाणी गरिएको छ।

*"मानौ, कुनै मानिस सिँहको सामुबाट भाग्यो,तर भालूले त्यसलाई भेट्यो;अथवा त्यो घरभित्र पस्यो, र आफ्नो हात भित्तामा टेकायो, तर साँपले त्यसलाई डस्यो।"*

यसको अर्थ के हो त?

-> आउनुहोस,यस अगमवाणीको अर्थलाई हेरौ।यो हाम्रो वर्तमान समयको र विभिन्न रूपका सरकारका व्यवस्थाहरु जुन राजतन्त्रको पतन भएपछि विकसित भए,त्यसको अगमवाणी हो।
-> 'मानिस'-यसले मानिसको ससांर-विश्वको सबै राष्ट्रहरुलाई चित्रण गर्दछ।
-> सिहं-यसले ब्रिटिस साम्राज्यलाई जनाउँदछ,जुन ससांरको सबैभन्दा ठुलो राजतन्त्रको प्रणाली थियो जुन प्रथम विषय पश्चात अन्त्य भयो।यसले राजतन्त्र सरकार व्यवस्थाको रूपमा यसको पतन र अन्त्यलाई चित्रण गर्दछ।
-> भालू-यसले कम्युनिष्टबादलाई चित्रण गर्दछ जसै भालू नै कम्युनिष्ट रसियाको चिन्ह थियो,जुन पनि चित्त बुझ्दो सरकार व्यवस्था हुन चुक्यो र अन्त्य भयो।
->घर-यसले प्रजातन्त्रलाई दर्शाउदछ-जनताको,जनताद्वारा,जनताकै लागी भनिने सरकार व्यवस्था।हो,एउटा घरभित्रको सरकार व्यवस्था जस्तै।
-> भित्तामा हात राख्नु-यसले प्रजातन्त्र नै सिद्द सरकार व्यवस्था हो भन्ठानी सुरक्षित महसुस भएको समयलाई चित्रण गर्दछ।
->साँपले त्यसलाई डस्नु-प्रजातन्त्र पनि सरकारभित्र नै शैतानका स्वार्थपन,लोभ,डाह र भ्रष्टाचार जस्ता विशेषताहरुका कारण अयोग्य ठहरी नष्ट हुनेछ।हो,सबै सरकार व्यवस्थाहरु (राज्याव्यवस्था) निशस्त्र भई फेल खानेछन।तसर्थ,उत्तर स्वरूप परमेश्वरको राज्यमात्र नै योग्य हुनेछ।अनि,यही कुरा नै हामी हाग्गै २:७ मा अगमवाणीको रूपमा पढ्न पाउछौ।

*"अनि म सबै जातिहरुलाई हल्लाउनेछु,अनि सबै जातिहरुको चाहना आउनेछ;अनि म यस भवनलाई महिमाले भरिदिनेछु,सेनाहरुको परमप्रभु भन्नुहुन्छ।"*

हो,परमेश्वरको राज्य नै सबै राष्ट्रहरुको चाहना हुनेछ,जेद्वारा मात्र शान्ति, जिवन र सुख आउदछ,जुन ससांरको सम्पूर्ण मानवजातीको इच्छा हुनेछ।र,त्यो येशु र यस पृथ्वीमा परमेश्वरको राज्यमा मात्रै पाउन सकिन्छ।अब,हामी त्यो आउने महिमित परमेश्वरको राज्यको केही झलकहरुलाई पक्रने कोशिष गरौ।

-> शैतान र त्यसको प्रभावहरु बाँधिनेछन र हटाइनेछन। (प्रकाश २०:२,३)

*"अनि तिनले त्यस अजिङ्गरलाई,त्यस पुरानो साँपलाई पक्रे,जो दियाबलस र शैतान हो,र त्यसलाई हजार बर्षका लागि बाँधे।३ अनि तिनले त्यसलाई अथाह कुण्डमा फ्याँकिदिए र त्यसलाई थुनिदिए, अनि हजार बर्ष पुरा नहुउन्जेल त्यसले अबदेखी उसो जाति-जातिहरुलाई ढोका नदेओस भन्ने हेतुले तिनले त्यसमाथि छाप लगाइदिए;अनि यि कुराहरु पछि त्यो थोरै समयका लागी छोडिनुपर्छ।"*

-> मानिसहरुको समझको आँखा र कान खोलिनेछ। (यशैया २९:१८)

*"अनि त्यस दिन बहिराहरुले पुस्तकका शब्दहरु सुन्नेछन,र धमिलोपनबाट र अन्धकारबाट अन्धाहरुका आँखाहरुले देख्नेछन्।"*

- >परमेश्वरको ज्ञान प्रष्ट हुनेछ र सबै पृथ्वीलाई भरीभराउ गर्नेछ। (जकरिया १४:९,हबकुक २:१४)

*"९ अनि परमप्रभु सम्पूर्ण पृथ्वीमाथि राजा हुनुहुनेछ;त्यस दिन एउटै परमप्रभु हुनुहुनेछ,र उहाँको एउटै नाम हुनेछ।"*

*"१४ किनभने जसरी पानीले समुन्द्रलाई ढाकेको हुन्छ,त्यसरी नै पृथ्वी परमप्रभुको महिमाको ज्ञानले भरपुर हुनेछ।"*

सबै राष्ट्रहरुले प्रभुलाई स्वेच्छाले आदर गर्नेछन र उहाँबाट सिक्नेछन।(भजनसङ्ग्रह २२:२७,२८ र यशैया २:२)

*"पृथ्वीका सबै छेउ-छेउहरुसम्मका मानिसहरुले सम्झना गर्नेछन,अनि परमप्रभु कहाँ फर्कनेछन्; अनि अन्यजातिहरुका सबै कुलहरुले तपाईंको सामु दण्दवत गर्नेछन्।२८ किनकी राज्य परमप्रभुकै हो;अनि जाति-जातिहरु मध्यमा उहाँ नै शासक हुनुहुन्छ।"*

*"२ अनि अन्तका दिनहरुमा यस्तो हुनेछ:परमप्रभुको भवनको पर्वत पहाडहरुको टाकुरामा स्थापित हुनेछ र डाँडाहरुभन्दा उच्च पारिनेछ;अनि सबै जातिहरु त्यसमा ओइरिएर आउनेछन्।"*

->युद्धहरुको अन्त्य हुनेछ र रक्षा शक्तिहरु रद्द गरिनेछन।(मिका ४:३)

*"अनि उहाँले धेरै जातिका मानिसहरुका बीचमा न्याय गर्नुहुनेछ र टाढा-टाढामा भएका बलिया जातिहरुलाई हप्काउनुहुनेछ;अनि तिनिहरुले आफ्ना तरवारहरु पिटेर फालीहरु र आफ्ना भालाहरु पिटेर हँसियाहरु बनाऊनेछन्;एक जातिले अर्को जातिमाथि तरवार उठाउनेछैन,न ता तिनीहरुले फेरी कहिल्यै युद्दकला नै सिक्नेछन्।"*

-> मानिसहरु मृत्युबाट (चिहान) फर्किनेछन । (यशैया ३५:१०)

*"अनि परमप्रभुका दाम तिरेर छुट्याइएकाहरु फर्कनेछन्, र सियोनमा गीत गाउँदै आउनेछन्; उनीहरुले हर्ष र आनन्द प्राप्त गर्नेछन्;शोक र सुस्केरा भाग्नेछन्।"*

उमेर बढ्ने प्रक्रिया उल्टो क्रममा हुनेछ र क्रमश: सिद्द मानविय अवस्थामा जानेछ।(अय्युब ३३:२५)

*"त्यसको मासु बालकको भन्दा पनि ताजा हुनेछ;त्यो फेरी आफ्नो जवानीको अवस्थामा फर्कन्छ।"*

- > कुनै घर-जग्गा सम्बन्धी समस्याहरु हुनेछैन र सबैको आफ्नै घर हुनेछ। (यशैया ६५:२१)

*"अनि उनीहरुले घरहरू बनाऊनेछन् र तिनमा वास गर्नेछन्; अनि उनीहरुले दाखबारीहरु लगाउनेछन् र त्यसको फल खानेछन्।"*

-> कुनै पनि रोगव्याधी हुनेछैन र कुनै अस्पताल,औषधी,खोपहरु आदी इत्यादी केहि पनि हुनेछैन। (यशैया ३३:२४)

*"अनि कुनै बासिन्दाले 'म बिरामी छु' भन्नेछैन;त्यसमा बस्ने मानिसहरुको अधर्म क्षमा हुनेछ।"*

-> सुक्खा मरुभुमिहरु उर्बर भई खेतीयोग्य जमिन हुनेछ। (यशैया ३५:७)

*"अनि खरिएको जमिन तलाउ,र तिर्खाएको भुमी पानीका धाराहरू बन्नेछन;स्यालहरुको वासस्थानहरुमा,जहाँ तिनीहरु हरेक विश्राम लिन्छन, निगालो र नर्कटको साथ घाँस हुनेछ।"*

->जङ्गली जनावरहरु खुलेआम हिँड्नेछन अनि मानिसहरु र सानो बच्चासँग समेत अति प्रिय मित्रहरु हुनेछन। (यशैया ११:६-८)

*"अनि ब्वाँसो भेडाको पाठासँग बस्नेछ' अनि चितुवा बाख्राको पाठासँग लेट्नेछ;अनि बच्चा,जवान सिंह र पालेको पशु एकसाथ बस्नेछन,अनि एउटा सानो केटाले तिनीहरुलाई डोर्याउनेछ।७ अनि गाई*

*र भालूसँगै चर्नेछन्;तिनीहरुका बच्चाहरु एकसाथ लोट्नेछन्;अनि सिंहले गोरुले झै पराल खानेछ।८ दुध चुस्ने बच्चा साँभेसाँपको (गोमन सर्प) दुलोको छेउमा खेल्नेछ;अनि दुध छुटाइएको बालकले विषालु साँपको बिलमा (प्वालभित्र) हात हाल्नेछ।"*

->मृत्यु, दर्द र सतावटहरु सँग-सँगै हटाइनेछ । (प्रकाश २१:४)

*"अनि परमेश्वरले उनीहरुका आँखाहरुबाट सबै आँसुहरु पुछिदिनुहुनेछ;अनि मृत्यु कहिल्यै हुनेछैन, न ता शोक,न रुवाइ,न पिडानै कहिल्यै हुनेछ;किनकी पहिलेका कुराहरु बितिसकेका छन्।"*

-> सारा ससांर शान्तिमा हुनेछ र सबैजनाले आनन्दको गित गाउनेछन । (यशैया १४: ७)

*"सारा पृथ्वीले विश्राम लिएको छ,र शान्त छ; तिनीहरु गाइउठ्छन।"*

हो,साच्चै नै हामीले आशाको साथ त्यो आँउदै गरेको राज्यको निम्ती प्रार्थना गर्न सक्छौ।

*"तपाईंको राज्य आओस!तपाईंको इच्छा स्वर्गमा झै पृथ्वीमा पनि पुरा होस ।"*



"आमेन"